सर्वोच्च अदालत

संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

# फैसला

मुद्दा नं. ०७८-CR-०२००

मुद्दाः जबरजस्ती करणी।

| | |
|---|---|
| अनिरुद्र अहिरको छोरा जिल्ला नवलपरासी, प्रतापपुर गाउँपालिका, वडा नं.५ बसहीया घर भई हाल कारागार कार्यालय नवलपरासीमा थुनामा रहेको बर्ष भन्ने अभिमन्यु अहिर (यादव)....................................................................१ | पुनरावेदक प्रतिवादी |

विरूद्ध

| | |
|---|---|
| परिवर्तित नाम २०७५ 'L' (एल)को जाहेरीले नेपाल सरकार.......................१ | प्रत्यर्थी वादी |

| | |
|---|---|
| सुरु तहमा फैसला गर्नेः | माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ<br>नवलपरासी जिल्ला अदालत, परासी |
| सुरु मुद्दा नं.: | ०७५-C१-०१४७ |
| फैसला मितिः | २०७६/०८/०२ |
| पुनरावेदन तहमा फैसला गर्नेः | माननीय न्यायाधीश श्री नारायण प्रसाद पोखरेल<br>माननीय न्यायाधीश श्री मदन पोखेल<br>उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| पुनरावेदन मुद्दा नं.: | ०७६-CS-०३७० |
| फैसला मितिः | २०७७/०३/१५ |

उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७७/०३/१५को फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम प्रतिवादीको यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने निवेदन परेकोमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रुपमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. **जाहेरी दरखास्तः** म जाहेरवालाको वर्ष १७ की छोरी परिवर्तित नाम २०७५ (एम) मिति २०७५/११/१० का दिन पढ्नको लागि त्रिभुवन उच्च मा.वि.मा गएकी थिइन्। सोही विद्यालयमा अध्ययनरत जिल्ला नवलपरासी प्रतापपुर गा.पा.वडा नं.५ बसहिया बस्ने बर्ष २२ को बब्न भन्ने अभिमन्यु यादवले मेरो छोरीलाई बीच बाटोमा ललाई फकाई तिमीलाई राम्रो काममा लगाई दिन्छु, राम्रो आम्दानी हुन्छ भनी प्रलोभनमा पारी झुक्याई भ्रममा पारी डर, त्रास, धम्की दिई अनुचित प्रभावमा पारी जिल्ला नवलपरासी, प्रतापपुर गा.पा., वडा नं.९ खैरहनी स्थित खजुरा खोला पुलको दक्षिणतर्फ खोलाको छेउ किनारमा लगी जबरजस्ती करणी गरेको हुँदा निज बब्न भन्ने अभिमन्यु यादवलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १८ करणी सम्बन्धी कसूरको दफा २१९ (१) (२) (३) (घ) बमोजिम हदैसम्म सजाय गरी क्षतिपूर्ति समेत दिलाई भराइपाउँ भन्ने समेत बहोराको परिवर्तित नाम २०७५ (एल) ले दिएको मिति २०७५/११/२३ को जाहेरी दरखास्त।

२. **घटनास्थल प्रकृति मुचुल्का:** जिल्ला नवलपरासी (ब.सु.प.), प्रतापपुर गा.पा., वडा नं.९ स्थित पूर्वमा त्रिवेणीतर्फ जाने सडक खण्ड, पश्चिममा बर्दघाटतर्फ जाने सडक खण्ड, उत्तर र दक्षिण खजुरा खोला यति चार किल्लाभित्र पर्ने उत्तर दक्षिणको खजुरा खोला रहेको; सो खजुरा खोलाको पूर्वतर्फको किनारमा झार मडारिएको अवस्थामा रहेको, सो स्थानमा प्रतिवादी बब्न भन्ने अभिमन्यु यादवले पीडित परिवर्ति नाम २०७५ (एम) लाई जबर्जस्ती करणी गरेको स्थानको चारकिल्ला सहितको विवरण पीडितले देखाएबमोजिम ठिक छ भन्ने समेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का।

३. **पक्राउ प्रतिवेदन समेतः** प्रतिवादी बब्न भन्ने अभिमन्यु यादवलाई जबरजस्ती करणी सम्बन्धी कसूरमा अनुसन्धान गर्नुपर्ने भएकोले पक्राउपूर्जी जारी गर्न अनुमति पाऊँ भन्ने समेत बेहोराको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को च.नं.३८०२ मिति २०९७५/११/२३ को पत्र माग बमोजिम नवलपरासी जिल्ला अदालतबाट मिति २०७५/११/२३ मा भएको पक्राउपूर्जी जारी गर्न दिएको अनुमति आदेशानुसार मिति २०७५/११/२३ मा नै पक्राउ पूर्जी जारी भई सोही मितिमा नै निज प्रतिवादीलाई पक्राउ गरी प्र.ह. बिक्रम सिंह धामीले प्रतिवेदन सहित पेस गरी निज प्रतिवादीलाई सोही मिति २०७५/११/२३ मा नै थुनुवा पूर्जी दिइएको थुनुवा पूर्जी समेत मिसिल संलग्न रहेका।

४. **पीडित २०७५ (एम) को स्वास्थ्य परीक्षण प्रतिवेदनः** Hymen: No laceration, but not Intact, Urine for pregnancy test: positive, Injuries on body: Not present, Her last menstrual period has on 2075/10/21 भन्ने समेत बेहोराको पीडित २०७५ (एम) को पृथ्वीचन्द्र अस्पताल, रामग्राम, नवलपरासीबाट मिति २०७५/११/२३ मा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन उक्त अस्पतालको च.नं.४७४ मिति २०७५/११/२६ को पत्रसाथ मिसिल संलगन रहेको।

५. **प्रतिवादी बब्न भन्ने अभिमन्यु यादवको स्वास्थ्य परीक्षण प्रतिवेदनः** Perineum: Normal, Penis: Normal, Oral Cavity: Normal, Scrotum: Normal, Perinal area & anal orifice: Normal भन्ने समेत बेहोराको प्रतिवादी बब्न भन्ने अभिमन्यु यादवको पृथ्वीचन्द्र अस्पताल, रामग्राम, नवलपरासीबाट मिति २०७५/११/२३ मा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन उक्त अस्पतालको च.नं.४७५ मिति २०७५/११/२६ को पत्रसाथ मिसिल संलगन रहेको।

६. **पीडित २०७५ (एम) ले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागजः** मिति २०७५/११/१० का बिहानको समयमा पढ्न भनी विद्यालय जाँदै गर्दा सँगै पढ्ने साथी बब्न भन्ने अभिमन्यु यादवसँग अं.०५:३० बजे बाटोमा भेट भई सँगै बाटोमा जाँदै गर्दा निजले जिल्ला नवलपरासी, प्रतापपुर गा.पा., वडा नं.९ स्थित खजुरा खोलाको किनारतर्फ घुम्न जाउँ भनेपछि साथी भएकोले सहमत भई खोलातर्फ घुम्न गएकोमा कुरा गर्दैगर्दा निजले मलाई जबरजस्ती घाँस भएको जमीनमा पल्टाई बोल्न

नदिई कराएमा ज्यान मार्ने धम्की समेत दिई एउटा हातले मुख छोपी अर्को हातले मैले लगाएको सुरवाल कपडा खोली निजले आफ्नो पाईन्ट कपडा समेत खोली मेरो सम्वेदनसिल अङ्ग स्तन अँठ्याई बलपूर्वक निजले आफ्नो लिङ्ग मेरो योनीमा छिराई २/३ मिनेट जति भित्रबाहिर गरी निजको यौन ईच्छा पुरा भएपछि निजले आफ्नो पाईन्ट आफैले र मेरो सुरुवाल मैले लगाएपछि निजले पुनः मेरो स्तन तथा गाला ओठमा टोकी सो घटनास्थलबाट मलाई छोडी गएका हुन्। निजले शारीरिक सम्पर्क गर्दाको बखत कुनै साधन समेत प्रयोग गरेका थिएनन्। मेरो शरिर योनी समेतको भाग दुखाईको कारणले गर्दा राम्रोसँग हिंडडुल गर्न नसकी सो दिन स्कूल समेत नगई साँझ अबेर घरमा जाँदा बुबा आमाले सोधपुछ गर्दा प्रतिवादीको ज्यान मार्ने धम्कीका कारण भनिन। मेरो योनी समेतको भाग दुखी हिंड्डुल गर्न गाह्रो भएपछि बाध्य भएर सो कुरा आमालाई बताएपछि आमाले बुबालाई बताई बुबाले जाहेरी दिएका हुन् भन्ने समेत बेहोराको पीडित २०७५ (एम) ले अनुसन्धानको क्रममा गरेको मिति २०७५/११/२३ को घटना विवरण कागज।

७. **प्रतिवादी बन्न भन्ने अभिमन्यु अहिर (यादव)ले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानः** म र पीडित परिवर्तित नाम २०७५ (एम) एउटै विद्यालयमा अध्ययनरत रहेकोले दुवैबीच चिनजान भई साथीको सम्बन्ध थियो। मिति २०७५/११/१० का दिन बिहान ०५:०० बजेको समयमा दुबै जनासँगै विद्यालय जाँदै गर्दा जिल्ला नवलपरासी, प्रतापपुर गा.पा. वडा नं.९ खजुराखोलाको किनार एकान्त ठाउँमा दुबै जना बसी गफगाफ गर्दा दुबैको सल्लाह बमोजिम शारीरिक सम्पर्क राख्ने भनी हामी सहमत भएकाले निजको सहमतिमा निज २०७५ (एम) लाई करणी गरेको हुँ। निजको सहमतिमा परिवार नियोजनका अस्थाई साधन प्रयोग नगरी यौन सम्पर्क गरेको कारण निज गर्भवती भई स्वास्थ्य परीक्षण हुँदा Pregnancy test: Positive देखाएको हुनसक्छ। त्यसपछि कोही मान्छे आउनसक्छ र हामीहरुलाई देखेपछि नराम्रो सोच्नसक्छ, एक्लाएक्लै जाउँ भनी उक्त स्थानबाट छुट्टिई गएका हौं। मैले निजलाई अनुचित प्रभावमा पारी जबरजस्ती करणी गरेको छैन। साथै यस भन्दा पहिला पनि पटक-पटक विभिन्न समय स्थानमा निजको सहमतिमा हामीहरु बीचमा करणी लेनदेन भएको हो। कानून बमोजिम हुने सजाय भोग्न मञ्जुर छु भन्ने समेत

बेहोराको प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)ले अनुसन्धानको क्रममा मिति २०७५/११/२९ मा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

८. **वस्तुस्थिति मुचुल्काः** मिति २०७५/११/१० का विहान पक्राउमा परेका प्रतिवादी बब्न भन्ने अभिमन्यु यादवले सँगै पढ्ने पीडित नाबालिका परिवर्तित २०७५ (एम) लाई घरबाट पढ्न गएको समयमा विभिन्न प्रलोभन देखाई निजको इच्छा विपरित प्रतापपुर गा.पा., वडा नं.९ स्थित खजुराखोला किनारमा लगी जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हो। यसरी नबालिकालाई बिभिन्न प्रलोभन देखाई जबरजस्ती करणी गर्ने निज प्रतिवादीलाई कानुन बमोजिम कारवाही होस् भन्ने समेत एकै बेहोरा मिलानको जिल्ला नवलपरासी, प्रतापपुर गा.पा., वडा नं.९ बस्ने विक्रम हरिजन, बालकृष्ण घरिकार र हेम नारायण चौधरी समेतले अनुसन्धानको क्रममा खुलाई लेखाई दिएको मिति २०७५/१२/११ को वस्तुस्थिति मुचुल्का।

९. **वादी नेपाल सरकारको अभियोगपत्र मागदावीः** प्रतिवादी बब्न भन्ने अभिमन्यू अहिर (यादव)ले पीडित नाबालिका वर्ष १७ की परिवर्तित २०७५ (एम) लाई डर, त्रास, धाकधम्की देखाई एकान्त स्थानमा लगी जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १८ को दफा २१९ को उपदफा (१) र (२) विपरित रहे भएको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा २१९ को उपदफा (३) को खण्ड (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा २२८ बमोजिम पीडित परिवर्तित २०७५ (एम)लाई प्रतिवादीबाट मनासिव क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र मागदाबी।

१०. **प्रतिवादी बब्नु भन्ने अभिमन्यु अहिरले सुरु अदालत समक्ष गरेको बयानः** मिति २०७५/११/१० मा म बिहान ५ बजे स्कूल गएर घर आएपछि बाहिर कहिँ नगई आफ्नो घरमा नै बसेको थिएँ। खजुरा खोला भनेको बेलाटारी भन्दा ५/६ किलोमिटर पश्चिम हो। मैले पढ्ने स्कूल भनेको बेलाटारीमा हो। जाहेरवाला तथा पीडित परिवर्तित नाम २०७५ (एम)को घर बेलाटारीबाट ३०० मिटर पूर्व फेनरहवा बजारमा पर्दछ। मेरो घर बेलाटारीबाट करिब १० किलोमिटर दक्षिण बसहियामा पर्दछ। स्कूल ६:३० बजे सुरु हुन्छ। विहान ५ बजे पीडित परिवर्तित नाम २०७५

(एम) कसरी खजुराखोलामा गयो मलाई थाहा भएन। उक्त दिन मेरो परिवर्तित नाम २०७५ (एम) सँग स्कूलमा भेट भएको हो। कलेजमा सि. सि. टि. भी. पनि छ। स्कूलबाट बाहिर जान पाइदैन। मिति २०७५/०८/२४ मा स्कूलबाट मनकामना मन्दिरको भ्रमणमा गएका बखत परिवर्तित नाम २०७५ (एम)ले मलाई यहि मन्दिरमा विवाह गर्नुहोस् होइन भने म यहि मन्दिर नजिकैबाट हाम फाली मर्छु भनेकाले मैले उसलाई सिन्दूर हाली बिवाह गरेको थिएँ। भ्रमणबाट फर्कदा म आफ्नो घरमा र परिवर्तित नाम २०७५ (एम) आफ्नो घरमा गएकी थिइन्। बिवाह भएको कुरा गाउँघरमा हल्ला चली परिवर्तित नाम २०७५(एम)को बुबालाई थाहा भएपछि बुबाले केटीलाई मारिदिने र मलाई पनि मारिदिने भनी धम्की दिएको कुरा केटीले मलाई फोनबाट बताएकी र आफ्नो घर लैजान भनेकी र उ मेरो घरमा आएपछि हामीहरु २/३ दिनसम्म चितवन गई बसेकोमा केटीको बुबाले मेरो बुबालाई घरमा आई तिम्रो छोराले मेरो छोरी मेरो घरमा लिएर आए विवाह गरिदिने र नल्याए मारिदिन्छु भनी धम्की दिएपछि केटी र म भई इलाका प्रहरी चौकी बेलाटारीमा आएपछि प्रहरीले मेरो बयान लिई पक्राउ गरेको हो। परिवर्तित नाम २०७५ (एम)ले गरेको घटना विवरण कागज झुठ्ठा हो। मिति २०७५/११/१० मा म खजुरा खोलामा गएको होइन र पीडित परिवर्तित नाम २०७५ (एम) लाई जबर्जस्ती करणी गरेको होइन। मनकामना मन्दिरमा बिवाह गरेको ३ दिनपछि भ्रमणकै क्रममा हामीहरुबीच शारीरिक सम्पर्क भएको थियो। त्यही कारणले पीडितको Urine test मा Pregnancy उल्लेख भएको हुनसक्छ। मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान बेहोरा प्रहरीले मलाई नसुनाएकोले मैले नपढी सहिछाप गरिदिएको हो। बयान गर्दा भनेको कुरा नलेखाई अर्कै कुरा लेखाएको हुँदा उक्त बयान झुठ्ठा हो। मेरो र जाहेरवालाको छोरी परिवर्तित नाम २०७५ (एम) बीच बिवाह हुँदाका र अन्य फोटाहरु थान-६ पेस गरेको छु, प्रमाण लगाई पाऊँ। मैले कुनै कसूर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी बब्नु भन्ने अभिमन्यु अहिरले सुरु अदालत समक्ष मिति २०७५/१२/१८ मा गरेको बयान।

११. **थुनछेक आदेश समेतः** मिसिल संलग्न तत्काल प्राप्त कागज प्रमाणहरुबाट प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर अहिले नै दावीको कसूरमा निर्दोष रहेछन् भन्न सकिने

अवस्था नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुंदा हाल निज प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न ऐ. ऐनको दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारगार कार्यालय, नवलपरासीमां पठाईदिनू। प्रतिवादी चुक्ता भईसकेको र प्रतिवादीले दावीको कसूर इन्कार गरेको देखिंदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १२४ र १२५को प्रयोजनार्थ वादी प्रतिवादीलाई मिति २०७६/०१/०५ को छलफलको तारिख तोक्नू। साथै प्रतिवादीको अंश हक रोक्का गर्ने प्रयोजनार्थ निजको अंश हकको सम्पत्ति यकिनको लागि जिल्ला सरकारी वकील कार्यालय मार्फत पत्राचार गरी झिकाई पेस गर्नू भन्ने समेत बेहोराको सुरु नवलपरासी जिल्ला अदालतको मिति २०७५/१२/१८ को थुनछेक आदेश र सो आदेश बमोजिम प्रतिवादीलाई थुनुवा पूर्जी दिई थुनामा राख्न पठाएको भन्ने वेहोराको नवलपरासी जिल्ला अदालत, परासीको च.नं.५२१२ मिति २०७५/१२/१८ को पत्र।

१२. **साक्षी प्रमाण बुझ्ने आदेशः** परिवर्तित नाम २०७५ (एल), पीडित २०७५ (एम), घटनास्थल मुचुल्कामा बस्ने व्यक्तिहरु, बस्तुस्थिति मुचुल्काका मानिसहरु, घटना विवरण कागज गर्ने मानिस तथा बुझिएका नेपाल सरकारका साक्षीहरु नेपाल सरकार मार्फत र प्रतिवादीका साक्षीहरु प्रतिवादी मार्फत उपस्थित गराई बुझी नियमानुसार पेस गर्नू भन्ने बेहोराको सुरु नवलपरासी जिल्ला अदालत, परासीको मिति २०७६/०१/१६ को आदेश।

१३. **प्रतिवादीका साक्षी धनन्जय हरिजनले सुरु अदालतसमक्ष गरेको बकपत्रः** मिति २०७५/११/१० का विहान ५ बजे प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर कहाँ थिए मलाई थाहा छैन। जाहेरवालाको घर फेनरहवा पर्छ। जाहेरवालाको घरदेखि खजुराखोला लगभग ८ कि.मि.टाढा पर्छ। यी प्रतिवादीले जाहेरवालाको छोरीलाई करणी गरेको होइनन्। जाहेरवालाको छोरीलाई अहिले हेर्दा normal देखिन्छ। उ गर्भवती नभएको हुनुपर्छ। परीक्षण प्रतिवेदनमा किन Positive देखियो थाहा भएन। प्रतिवादी अभिमन्यु अहिरले मसँग कुरा गर्दा जाहेरवालाको छोरीलाई भ्रमणको क्रममा शारीरिक सम्पर्क नगरेको भनी बताएको थियो। प्रतिवादी र जाहेरवालाको छोरीबीच

प्रेम सम्बन्ध भएकोले जाहेरवाला रिसाएर त्यस प्रकारको जाहेरी दिएका हुन्। जाहेरवालाले पीडितलाई दबाब दिएकाले पीडितले आफूलाई प्रतिवादीले खजुराखोलामा लगी जबर्जस्ती करणी गरेको भनी लेखाइदिएकी हुन्। प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी बन्न भन्ने अभिमन्यु अहिरका साक्षी धनन्जय हरिजनले सुरु अदालतसमक्ष गरेको बकपत्र।

१४. **जाहेरवाला २०७५ (एल)ले सुरु अदालतसमक्ष गरेको बकपत्रः** म सँधै साढे ४ बजे मर्निङ् वाक् जान्थें। मिति २०७५/११/१० मा पनि म सदा झैं मर्निङ् वाक् गई ६ बजे घर फर्कदा छोरी कलेज गईसकेकी थिई। साढे १० बजेसम्म कलेजबाट फर्किनन्। त्यसको मोबाइलमा फोन गर्दा सम्पर्क हुन सकेन भन्यो। त्यसपछि म छोरीले पढ्ने विद्यालयमा गएँ। छोरीको साथीहरुसँग सोधपुछ गर्दा थाहा छैन हामीले देखेनौ भने। त्यसपछि अभिमन्युसँग छोरीको २-४ दिनदेखि बोलचाल रहेको भन्ने थाहा पाई म निज प्रतिवादीको घर पुगें। त्यहाँ नभेटेपछि म फर्केर मेरै घर आएँ। त्यसपछि मैले आफ्नो हिसाबले छोरीको खोजी गरें। साँझ परेपछि म घर फर्के। छोरी साँझ बल्ल घर आइन्। रोइरहेकी थिइन्। त्यसपछि किन रोएको भनी धेरै पटक सोधपुछ गर्दा खैरहनी पुलको छेउमा निज प्रतिवादीले मसँग जबर्जस्ती करणी गऱ्यो भनिन्। त्यसपछि भोलिपल्ट ईलाका प्रहरी कार्यालय, बेलाटारी पुगी जाहेरी दिएँ। निज प्रतिवादीले मेरो छोरीलाई जबर्जस्ती करणी गरेको हो भन्ने कुरामा विश्वास लाग्छ। जाहेरीमा भएको बेहोरा र सहिछाप मेरै हो। प्रतिवादीले पेस गरेको भनेका फोटोहरु देखाउँदा देखें। सबै फोटोहरु मध्ये ३ वटा मेरो छोरीको हो। २ बटामा शङ्का छ र सोमा भएको केटालाई मैले चिनेकै छैन। सिंदूर हालेको दुईवटा फोटोमा मलाई शङ्का छ र सोको बारेमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको जाहेरवाला २०७५ (एल)ले सुरु अदालत समक्ष गरेको बकपत्र।

१५. **पीडित परिवर्तित नाम २०७५ (एम)ले सुरु अदालतसमक्ष गरेको बकपत्रः** मलाई प्रतिवादीले २०७५/११/१० मा ५:०० बजे विहान कलेज जाँदा खेरी बाटोमा भेट भई म तिमीलाई कलेजसम्म छोडिदिन्छु आउ बस भन्यो। त्यसपछि म उसको बाइकमा बसें। कलेज नलगेर खैरहनी पुल लगेर घाँस भएको जमिनमा मलाई बाइकबाट झारी मेरो हात समाई पल्टायो। एउटा हातले मेरो मुख छोप्यो अनि अर्को

हातले मेरो सुरुवाल फुकाल्यो। त्यसपछि आफ्नो पाइन्ट फुकाल्यो र ममाथि जबरजस्ती करणी गर्‍यो। कुनै साधन प्रयोग नगरी करिब ५ मिनेट जति करणी गरी छोड्यो। आफ्नो घरपरिवार, आफन्त कसैलाई नभन भनी मेरो नाम काटी तिम्रो आमा बाबुलाई फसाइदिन्छु भन्यो। त्यो बेलामा म डराई कसैलाई केही भनिन। केही बेर त्यहीं बसें। उ मलाई छोडी गयो र म हिंड्दै घर गएँ। मैले मिति २०७५/११/२३ मा गरेको घटना विवरण कागजमा भएको बेहोरा र सहिछाप मेरो हो। प्रतिवादी अभिमन्यु अहिरसँग घटना घट्नुभन्दा २/३ महिना पहिलादेखि चिनजान भएको थियो। कलेजबाट भ्रमण जाँदा साथीहरुसँगै उ र म सामेल भएतापनि दुई जना मात्र कहीं गएका थिएनौं। मिसिल संलग्न फोटोहरु मध्ये २ थान फोटो (सिंदूर हालेको अवस्थाको) मेरो होइन र अन्य ३ थान फोटोहरु मेरो हो। सो ३ थान फोटोहरु मध्ये मेरो सिंगल फोटो गाउँको विहेमा र अन्य २ थान फोटो कलेजबाट गोरखा भ्रमण जाँदा खिचाएका थियौं। मेरो जन्म मिति कुडिया गा.वि.स.को कार्यालयमा रहेको स्थानीय पञ्जिकाधिकारीको हस्ताक्षर भएको जन्म दर्ता प्रमाणपत्रमा भएको मिति २०५७/०८/१५ नै सही हो। मेरो स्कूलको सर्टिफिकेटमा उल्लेख भएको जन्म मिति २०५८/०८/१५ गलत हो। बुवाले स्कूलमा मिति घटाई दिएको हुनाले फरक पर्न आएको हो। प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको हुनाले निजलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्दछ भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम २०७५ (एम)ले सुरु अदालतसमक्ष गरेको बकपत्र।

१६. **सुरु नवलपरासी जिल्ला अदालतको आदेशः** पिडितले अदालतमा गरेको बकपत्रमा कुडिया गा.वि.स. कार्यालयमा रहेको जन्म दर्ता प्रमाणपत्रमा भएको मिति सहि हो भन्ने उल्लेख गरेको देखिंदा पीडितको जन्म दर्ता सम्बन्धी निवेदन सहितको फाइल र जन्म दर्ताको किताव पेसीको दिन देखाई फिर्ता लैजाने गरी सम्बन्धित वडा कार्यालयबाट झिकाई नियमबमोजिम पेस गर्नू भन्ने बेहोराको सुरु नवलपरासी जिल्ला अदालतको मिति २०७६/०६/०३ को आदेश।

१७. **सुरु नवलपरासी जिल्ला अदालतको कसूर ठहर निर्णयको छोटकरी विवरणः** प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)ले अठार बर्षभन्दा बढी उमेरकी परिवर्तित नाम २०७५ (एम)लाई जबरजस्ती करणी गरेको देखिन आएकोले निज प्रतिबादीले मुलुकी

अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) र (३)(ङ) बमोजिमको कसूर गरेको ठहर्छ। निज प्रतिवादीको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ अनुसार सजाय निर्धारण सम्बन्धमा प्रस्तुत मुद्दामा छुट्टै सुनुवाई गर्नुपर्ने देखिंदा सो प्रयोजनको लागि मिति २०७६/०८/०२ को पेसी तारिख तोक्नू भन्ने बेहोराको सुरु नवलपरासी जिल्ला अदालतको मिति २०७६/०७/२४ को कसूर ठहर निर्णयको छोटकरी विवरण।

१८. **सुरु नवलपरासी जिल्ला अदालतको फैसलाः** प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)ले अठार बर्षभन्दा बढी उमेरकी परिवर्तित नाम २०७५(एम)लाई जबरजस्ती करणी गरेको देखिन आएकोले निज प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) र (३) (ङ) बमोजिमको कसूर गरेको ठहरेकोले निज प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)लाई सोही दफा २१९ को उपदफा (३) को खण्ड (ङ) बमोजिम आठ वर्ष कैद हुने र सोही संहिताको दफा २२८ बमोजिम पीडितले निज प्रतिवादीबाट रु.२५,०००।- (पच्चीसहजार रुपैयाँ) क्षतिपूर्ति भरिपाउने ठहर्छ भन्ने समेत बेहोराको सुरु नवलपरासी जिल्ला अदालत, परासीको मिति २०७६/०८/०२ को फैसला।

१९. **कैदी पूर्जी पठाइएको पत्रः** प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर(यादव)लाई यस अदालतको मिति २०७६/०८/०२ को फैसला बमोजिम आठ बर्ष कैद हुने ठहरेकोले निज प्रतिवादी प्रहरी हिरासतमा बसेको मिति २०७५/११/२३ देखि कैद कट्टा गरी मिति २०८३/११/२२ सम्म कैदमा राखी अन्य मुद्दा तथा बेहोराबाट थुनामा राखिराख्न नपर्ने भए मिति २०८३/११/२३ मा छुटी जाने गरी कैदमा राख्न कैदी पूर्जी पठाइएको भन्ने समेत बेहोराको सुरु नवलपरासी जिल्ला अदालतले कारागार कार्यालय परासी, नवलपरासीलाई लेखेको च.नं.३७२६ मिति २०७६/१०/०५ को पत्र।

२०. **पुनरावेदक प्रतिवादी अभिमन्यु अहिर (यादव)को उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा परेको पुनरावेदनपत्रः** सुरु अदालतले २०७५ (एम)सँग जबरजस्ती करणी भएको भनी मौकाको कागज र बकपत्रलाई मात्र आधार लिएको देखिन्छ। त्यस्तो आधार स्वतन्त्र तवरबाट पुष्टि हुनु जरुरी छ। तर स्वतन्त्र प्रमाणहरुले जबरजस्ती

करणी नभएको भन्ने पुष्टि भईरहेको छ। जबरजस्ती करणीको प्रमुख सूचक स्वास्थ्य परीक्षण हो। स्वास्थ्य परीक्षण हेरिएमा २०७५ (एम)को शरीरमा कहीं कतै घाउ, चोट, निलडाम, कपडा च्यातिएको, लछारपछार भएको देखिंदैन। सम्पूर्ण स्वास्थ्य सामान्य रहेको छ। सामान्य अवस्था रहनु भनेको जबरजस्ती होइन। २०७५ (एम) को स्वास्थ्य परीक्षणको Brief History of incident मा निजले घटना सम्बन्धमा उल्लेख गरेको बेहोरा समेतले जबरजस्तीपूर्वक करणी नभएको प्रष्ट हुन्छ। निजको उक्त भनाई हेरिएमा मिति २०७५/११/१० मा आफ्नो घरबाट रिक्सा चढी निस्केकी, सो दिन रुपन्देहीको खैरेनी बजार बसेकी, भोलिपल्ट बुटवल बजारमा, सोको भोलिपल्ट चितवन रहेकी भनेर लेखाएकी छन्। तर निजको बकपत्र हेरिएमा नवलपरासीको खजुरा खोलामा जबरजस्ती गरेको भन्दछिन्। यसबाट पनि २०७५ (एम) को भनाई एक आपसमा बाझिएको अवस्था छ।

मिति २०७५/११/१० मा ज.क. भएको हो भने ११ दिनसम्म किन स्वास्थ्य परीक्षण हुन सकेन, जाहेरी दिन के कारणले अवरोध श्रृजना भएको हो सो कतैबाट खुल्दैन। २०७५ (एम) म सँग २०७५/११/१० देखि साथमा हिंडी ११ दिन सम्म सँगै रहे बसेकी, हाम्रो विवाह समेत भएको फोटो समेतले पुष्टि गरेको छ। २०७५/११/२१ मा घरमा आएपश्चात निजका बाबुले धम्काई घरमा लगी मेरा विरुद्धमा निजलाई उपयोग गरेको अवस्थामा सुरु अदालतले गरेको फैसला त्रुटीपूर्ण छ। बारदात स्थल काल्पनिक कायम गरी म उपरमा झुठ्ठा आरोप लगाइएको छ। विपक्षीको घर भन्दा ३०० मिटर पश्चिम कलेज रहेको हुँदा मैले विपक्षीलाई कलेज लैजान पुऱ्याउन पर्ने अवस्था नै आउँदैन भने कथित घटना भएको वारदात स्थल कलेजदेखि करिब ५ किलोमिटर पश्चिमतर्फ पर्दछ र उक्त स्थानमा जाँदा भारततर्फ गएको गण्डक पश्चिम नहर पार गरी जानु पर्दछ । उक्त गण्डक नहर पार गर्दा त्यहाँ २४ घण्टा प्रहरीको सुरक्षा कर्मीले पहरा दिइरहेको हुन्छन्। कलेजबाट ५ किलोमिटर टाँढा जबरजस्ती लगेको भए किन प्रतिवाद गरिएन। कलेजबाट करिब ३०० मिटर पश्चिमतर्फ नै प्रहरी रहेको अवस्थामा किन प्रहरीलाई सूचना दिइएन। यसबाट घटना र बारदात स्थान बनावटी हो भन्ने बेहोरा पुष्टि भैरहेको छ।

मलाई झुठा मुद्दामा फँसाइएको हो। जन्मदिने बाबुले जाहेरी दिंदा उमेर समेत ढाट्नु; करणी गर्न स्वतन्त्र रहेको र मसँग विवाह गर्छु भनी १० दिनसम्म सँगै साथमा बसी विवाह गरी सहवास समेत गरेकी, हाम्रो विवाहलाई निजको माता पिताले मन नपराएबाट २०७५ (एम)ले आफ्नो माता पिताको उक्साहटमा म विरुद्ध जबरजस्ती करणी गर्‍यो भनी आरोप लगाएकी हुन्। वैवाहिक बन्धनमा बाँधिन तयार भई राजीखुशीले विवाह गर्ने, बाबु आमाले समर्थन नगरेका कारणबाट यस किसिमको अपराधमा फसाउने हो भने त्यो भन्दा ठूलो अन्याय केही हुन सक्दैन। मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ मा भएको कानूनी व्यवस्था हेरिएमा समेत "कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्निको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ ।" भनेको अवस्थामा मन्दिरमा गई सिन्दुर समेत लगाएका फोटो तस्वीरहरु मिसिल संलग्न रहेको अवस्थामा समेत विवाह पश्चात् स्वतन्त्र रुपमा भएको करणी लेनदेनलाई जबरजस्ती करणीको परिभाषाभित्र समेट्न मिल्दैन।

स्वतन्त्र प्रमाणहरुले जबरजस्ती करणी नभएको भन्ने पुष्टि भईरहेको छ। बालिग रहे भएको छोरीलाई नाबालिग भनी ढाँटी हुँदै नभएको बारदात खडा गरी २०७५ (एम) र म प्रतिवादीबीच विवाह भई श्रीमान् श्रीमती भई एक-आपसको मन्जुरीबाट करणी सहवास गरेको अवस्थामा समेत जबरजस्ती करणी ठहर गर्ने गरी भएको सुरु फैसला गम्भीर त्रुटीपूर्ण हुँदा उक्त फैसला उल्टी गरी अभियोग दावीबाट सफाई दिलाई पाऊँ भन्ने समेत बेहोराको पुनरावेदक प्रतिवादी अभिमन्यु अहिर (यादव)को उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मिति २०७६/०९/२४ मा दर्ता भएको पुनरावेदनपत्र।

२१. **उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलाः** प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१)(२) र ३(ङ) को कसूरमा सोही दफाको उपदफा ३(ङ) बमोजिम ८(आठ) वर्ष कैद र सोही संहिताको दफा २२८ बमोजिम पीडितले प्रतिवादीबाट रु.२५,०००।- (पच्चीसहजार रुपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहर्‍याई सुरु नवलपरासी जिल्ला अदालतबाट मिति २०७६/०८/०२ मा भएको फैसला मिलेको देखिंदा सदर हुने

ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७७/०३/१५को फैसला।

२२. **प्रतिवादी अभिमन्यु अहिर (यादव)को यस अदालतमा परेको मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने विषयको निवेदनपत्रः** उच्च अदालतबाट मलाई हराउने गरी गरेको फैसला त्रुटीपूर्ण छ। जबरजस्ती करणीको प्रमुख सूचक स्वास्थ्य परीक्षण हो। स्वास्थ्य परीक्षण हेरिएमा २०७५ (एम)को शरीरमा कहीं कतै घाउ, चोट, निलडाम, कपडा च्यातिएको, लछारपछार भएको देखिँदैन। सम्पूर्ण स्वास्थ्य सामान्य रहेको छ। सामान्य अवस्था रहनु भनेको जबरजस्ती होइन। २०७५ (एम) को स्वास्थ्य परीक्षणको Brief History of incident मा निजले घटना सम्वन्धमा उल्लेख गरेको बेहोरा समेतले जबरजस्तीपूर्वक करणी नभएको प्रष्ट हुन्छ। निजको उक्त भनाई हेरिएमा मिति २०७५/११/१० मा आफ्नो घरबाट रिक्सा चढी निस्केकी, सो दिन रुपन्देहीको खैरेनी बजार बसेकी, भोलिपल्ट बुटवल बजारमा, सोको भोलिपल्ट चितवन रहेकी भनेर लेखाएकी छन्। तर निजको बकपत्र हेरिएमा नवलपरासीको खजुरा खोलामा जबरजस्ती गरेको भन्दछिन्। यसबाट पनि २०७५ (एम) को भनाई एक आपसमा बाझिएको अवस्था छ।

मिति २०७५/११/१० मा ज.क. भएको हो भने ११ दिनसम्म किन स्वास्थ्य परीक्षण हुन सकेन। जाहेरी दिन के कारणले अवरोध श्रृजना भएको हो सो कतैबाट खुल्दैन। २०७५ (एम) म सँग २०७५/११/१० देखि साथमा हिंडी ११ दिन सम्म सँगै रहे बसेकी, हाम्रो विवाह समेत भएको फोटो समेतले पुष्टि गरेको छ। २०७५/११/२१ मा घरमा आएपश्चात निजका बाबुले धम्काई घरमा लगी मेरा विरुद्धमा निजलाई उपयोग गरेको अवस्थामा सुरु अदालत एवम् उच्च अदालत समेतले गरेको फैसला त्रुटीपूर्ण छ। बारदात स्थल काल्पनिक कायम गरी म उपरमा झुठ्ठा आरोप लगाइएको छ। विपक्षीको घर भन्दा ३०० मिटर पश्चिम कलेज रहेको हुँदा मैले विपक्षीलाई कलेज लैजान पुऱ्याउन पर्ने अवस्था नै आउँदैन भने कथित घटना भएको बारदात स्थल कलेजदेखि करिब ५ किलोमिटर पश्चिमतर्फ पर्दछ र उक्त स्थानमा जाँदा भारततर्फ गएको गण्डक पश्चिम नहर पार गरी जानु पर्दछ । उक्त गण्डक नहर पार गर्दा त्यहाँ २४ घण्टा प्रहरीको सुरक्षा कर्मीले पहरा दिइरहेको

हुन्छन्। कलेजबाट ५ किलोमिटर टाँढा जबरजस्ती लगेको भए किन प्रतिवाद गरिएन। कलेजबाट करिब ३०० मिटर पश्चिमतर्फ नै प्रहरी रहेको अवस्थामा किन प्रहरीलाई सूचना दिइएन। यसबाट घटना र बारदात स्थान बनावटी हो भन्ने बेहोरा पुष्टि भैरहेको छ।

मलाई झुठ्ठा मुद्दामा फँसाइएको हो। जन्मदिने बाबुले जाहेरी दिंदा उमेर समेत ढाट्नु; करणी गर्न स्वतन्त्र रहेको र मसँग विवाह गर्छु भनी १० दिनसम्म सँगै साथमा बसी विवाह गरी सहवास समेत गरेकी, हाम्रो विवाहलाई निजको माता पिताले मन नपराएबाट २०७५ (एम)ले आफ्नो माता पिताको उक्साहटमा म विरुद्ध जबरजस्ती करणी गऱ्यो भनी आरोप लगाएकी हुन्। वैवाहिक बन्धनमा बाँधिन तयार भई राजीखुशीले विवाह गर्ने, बाबु आमाले समर्थन नगरेका कारणबाट यस किसिमको अपराधमा फसाउने हो भने त्यो भन्दा ठूलो अन्याय केही हुन सक्दैन। मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ मा भएको कानूनी व्यवस्था हेरिएमा समेत "कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्निको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ ।" भनेको अवस्थामा मन्दिरमा गई सिन्दुर समेत लगाएका फोटो तस्वीरहरु मिसिल संलग्न रहेको अवस्थामा समेत विवाह पश्चात् स्वतन्त्र रुपमा भएको करणी लेनदेनलाई जबरजस्ती करणीको परिभाषाभित्र समेट्न मिल्दैन।

स्वतन्त्र प्रमाणहरुले जबरजस्ती करणी नभएको भन्ने पुष्टि भईरहेको छ। बालिग रहे भएको छोरीलाई नाबालिग भनी ढाँटी हुँदै नभएको वारदात खडा गरी २०७५ (एम) र म प्रतिवादीबीच विवाह भई श्रीमान् श्रीमती भई एक-आपसको मन्जुरीबाट करणी सहवास गरेको अवस्थामा समेत सुरु अदालतले गरेको फैसला मनासिब रहेको भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला पुनरावेदक/वादी नर बहादुर दर्जीको जाहेरीले नेपाल सरकार वि. प्रत्यर्थी/प्रतिवादी लोक बहादुर विश्वा भएको जबरजस्ती करणी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त (ने.का.प. २०७० अङ्क ११ नि.नं. ९०७५) समेतको बर्खिलाप हुने गरी कानूनको त्रुटीपूर्ण व्याख्या गरी भएको हुँदा सो फैसला उल्टी गरी न्याय पाऊँ भन्ने

समेत बेहोराको पुनरावेदक प्रतिवादी अभिमन्यु अहिर (यादव)को यस अदालतमा मिति २०७७/०७/१७मा दर्ता भएको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने विषयको निवेदनपत्र।

२३. **यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्ने गरी भएको आदेशः** मिति २०७५/११/१० गते प्रतिबादी अभिमन्यु अहिर घटना भएको स्थानमा नगएको र स्कूलबाट मिति २०७५/०८/२४ गते मनकामना मन्दिर भ्रमणमा गएको बेला दुवै जनाले मन्दिरमा विवाह गरी भ्रमणको क्रममा हामीबीच शारीरिक सम्पर्क भएको हो भनी प्रतिवादीले अदालतमा बयान गरेको, पीडितको स्वास्थ्य परीक्षणमा संघर्षको कुनै चिन्ह नदेखिएको, पीडित नाबालक नभै १८ वर्ष पुरा गरी सकेको देखिएको अवस्थामा सुरु नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७७/०३/१५ को फैसलामा साबिक मुलुकी ऐन, २०२० को जबरजस्ती करणी महलको १ नं.को व्याख्यात्मक त्रुटी मिसिल संलग्न प्रमाणहरुको समुचित मूल्याङ्कन नभै रहेको सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ५४ को व्याख्यात्मक त्रुटी समेत भएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ (१) को खण्ड (क) को अवस्था विद्यमान रहेको देखिंदा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गर्नुहोला भन्ने बेहोराको यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्ने गरी भएको मिति २०७७/०८/३० को आदेश।

२४. **यस अदालतको फौजदारी पुनरावेदन दायरीमा दर्ता गर्ने आदेशः** उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७७/०३/१५ मा भएको फैसलाउपर मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी पर्न आएको निवेदन मिति २०७७/०८/३० मा इजलास समक्ष पेस हुँदा दोहोऱ्याउने निस्सा प्रदान भई उक्त निवेदन नै पुनराबेदन सरह दर्ता हुने हुँदा फौजदारी पुनरावेदन दायरीमा दर्ता गरी नियमानुसार इजलास समक्ष पेस गर्न सम्बन्धित मुद्दा फाँटमा बुझाई दिनू भन्ने बेहोराको यस अदालतको मिति २०७८/०४/२८ को आदेश।

## <u>ठहर-खण्ड</u>

२५. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेका कागज प्रमाणहरु हेरी अध्ययन गरियो।

२६. पुनरावेदक/प्रतिवादीकोतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री सविता भण्डारी बराल र श्री कृष्ण प्रसाद सापकोटा तथा विद्वान् अधिवक्ता श्री दृष्टि दाहालले देहायबमोजिम बहस गर्नु भयो:-

- वारदात भनिएको मितिबाट ढिला गरी जाहेरी परेको छ। जाहेरीमा तथ्यको यथार्थ विवरण उल्लेख गरिएको छैन।
- पीडितले स्वास्थ्य परीक्षणका क्रममा चिकित्सकको अगाडी लेखाएका कुराहरु र मौकामा गरेको घटना विवरण कागज तथा अदालतमा गरेको बकपत्रमा लेखाएका कुराहरु विरोधाभाषपूर्ण देखिन्छन्। यसबाट पीडितको बकपत्र विश्वसनीय देखिँदैन।
- मिति २०७५/११/२३ मा भएको प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनको History of Incident मा २०७५ (एम) र प्रतिवादीले आपसी सहमतिमा आ-आफ्नो घर छाडेर टाढा गई विवाह गर्ने योजना बनाई मिति २०७५/११/१० मा घर छाडी बुटवल, चितवन समेतका ठाउँमा गई बसी करणी समेत लेनदेन गरेको कुरा समेत प्रतिवादीले बताएको भनी लेखिएको छ। जुन कुरा २०७५ (एम) को स्वास्थ्य परीक्षण प्रतिवेदनको Brief History of Incident मा लेखिएका कतिपय कुराहरुसँग मेल खान्छ।
- जाहेरी पर्नुभन्दा पहिले नै मिति २०७५/०८/२४ मा विद्यालयले भ्रमणमा लगेको अवस्थामा गोरखाको मनकामना मन्दिरमा प्रतिवादी र २०७५ (एम)ले विवाह गरी प्रतिवादीले सिंदूर समेत हालेको प्रतिवादीले पेस गरेका फोटोहरुबाट देखिएको छ भने सो फोटोहरुलाई जाहेरवाला र पीडित २०७५ (एम)ले समेत सनाखत गरेको अवस्था रहेको छ।
- पीडित र प्रतिवादीबीच सहमतिमा नै विवाह र करणी समेत भएकोमा प्रतिवादी गरीब र तल्लो जातको भएको भनी जाहेरी दिएको हो।
- झुठा जाहेरीको आधारमा हुँदै नभएको वारदातलाई वारदात स्थापित गरी पीडितको भनाईलाई मात्र आधार मानी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गर्ने गरी भएको सुरु नवलपरासी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको

फैसला त्रुटीपूर्ण हुँदा उल्टी गरी प्रतिवादीलाई अभियोग दावीमा आरोपित कसूरबाट सफाई दिई न्याय प्रदान गरिपाउँ।

२७. त्यसैगरी, प्रत्यर्थी/बादी नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री घनश्याम ओझाले प्रस्तुत गर्नु भएको निम्नानुसारको तर्कपूर्ण बहस समेत सुनियोः-

- पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनको Brief History of Incident मा लेखिएको घटना विवरणबाट नै प्रतिवादीले पीडित २०७५ (एम) लाई जबरजस्ती ढङ्गले होटलमा लगी राखेको र करणी गरेको तथ्य स्थापित हुन आएको छ।
- प्रतिवादीले पीडितसँग विवाह गरी सहमतीमा करणी गरेको भनी करणी गरेको कुरालाई स्वीकार नै गरेका छन्। तर पीडितले विवाह गरेको र सहमतिमा करणी भएको भन्ने कुरालाई स्वीकार गरेको अवस्था नहुँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नै गरेको देखिन्छ।
- जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, बस्तुस्थिति मुचुल्का, मौकामा भएको पीडितको घटना विवरण कागज र निज पीडितले अदालतमा गरेको बकपत्र तथा जाहेरवालाले अदालतमा गरेको बकपत्र समेतका मिसिल संलग्न तथ्य र प्रमाणबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भैरहेको छ।
- यसरी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भैरहेको अवस्थामा प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गर्ने गरी गरेको सुरु नवलपरासी जिल्ला अदालत, परासीको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, बुटबल इजलासको फैसला मिलेकै हुँदा सदर हुनु पर्दछ।

२८. यसमा, प्रतिवादी बन्न भन्ने अभिमन्यू अहिर (यादव)ले पीडित नाबालिका वर्ष १७ की परिवर्तित २०७५ (एम) लाई डर, त्रास, धाकधम्की देखाई एकान्त स्थानमा लगी जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि हुन आएको र प्रतिवादीको उक्त कार्य मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (१) र (२) विपरित रहे भएको हुँदा निज प्रतिवादीलाई ऐ. दफा २१९ को उपदफा (३) को खण्ड (घ)

बमोजिम सजाय गरी सोही ऐनको दफा २२८ बमोजिम पीडित परिवर्तित २०७५ (एम)लाई निज प्रतिवादीबाट मनासिब क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको अभियोग मागदावी रहेको प्रस्तुत मुद्दामा सुरु नवलपरासी जिल्ला अदालतले प्रतिवादीलाई अभियोग दावी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) र (३)(ङ) बमोजिमको कसूरमा ऐ. उपदफा (३)(ङ) बमोजिम आठ वर्ष कैद हुने र पीडितले निज प्रतिवादीबाट रु.२५,०००।- (पच्चीसहजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहऱ्याएको फैसला उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट सदर भएउपर प्रतिवादीले सो फैसलामा चित्त नबुझाई यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने निवेदन दायर गरेकोमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रुपमा पेस हुन आएको पाइयो।

२९. प्रतिवादीले यस अदालतमा दायर गरेको पुनरावेदनमा मुख्य गरी २०७५ (एम) को स्वास्थ्य परीक्षणको Brief History of incident मा निजले घटना सम्बन्धमा उल्लेख गरेको बेहोरा निजले गरेको बकपत्रको बेहोरासँग बाझिएकोले निजलाई मैले जबरजस्ती करणी नगरेको प्रष्ट हुन्छ। निज मसँग २०७५/११/१० देखि साथमा हिंडी ११ दिनसम्म सँगै रहे बसेकी र मिति २०७५/११/२१ मा घरमा आएपश्चात् निजका बाबुले धम्काई घरमा लगी मेरा विरुद्धमा जाहेरी दिन लगाएका हुन्। मनकामना मन्दिरमा हाम्रो विवाह भएको फोटो पेस गरेको छु। हाम्रो बिबाहलाई निजको माता पिताले मन नपराएबाट २०७५ (एम)ले आफ्नो माता पिताको उक्साहटमा म विरुद्ध जबरजस्ती करणी गऱ्यो भनी आरोप लगाएकी हुन्। उमेर पुगेकी केटीसङ्ग विवाह पश्चात मञ्जुरीले भएको करणी जबरजस्ती करणी नहुने हुँदा सजाय ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला उल्टी गरिपाउँ भन्ने जिकिर लिएको देखियो।

३०. उपरोक्तानुसारको तथ्य तथा बहस जिकिर भएको प्रस्तुत मुद्दामा दुबैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुको तर्कपूर्ण बहस जिकिर सुनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक

प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

३१. अब निर्णयतर्फ विचार गर्दा, आफ्नो वर्ष १७ की छोरी परिवर्तित नाम २०७५ (एम) मिति २०७५/११/१० मा पढ्नको लागि त्रिभुवन उच्च मा.वि.मा गएको अवस्थामा सोही विद्यालयमा पढ्ने बब्न भन्ने अभिमन्यु यादवले मेरो छोरीलाई ललाई फकाई गरी प्रलोभनमा पारी झुक्याई खजुरा खोला पुलको दक्षिणतर्फ खोलाको छेउ किनारमा लगी जबरजस्ती करणी गरेको हुँदा निजलाई कानूनबमोजिम कारवाही गरी पाऊँ भनी परिवर्तित नाम २०७५ (एम)का पिता परिवर्तित नाम २०७५ (एल)को जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सोही जाहेरी दरखास्तको आधारमा सोही दिन यी प्रतिवादीका नाउँमा पक्राउ पूर्जी जारी भई निज पक्राउ परी निज प्रतिवादी र पीडित भनिएकी २०७५ (एम)लाई स्वास्थ्य परीक्षणको लागि पृथ्वीचन्द्र अस्पताल, रामग्राम, नवलपरासीमा पठाई स्वास्थ्य परीक्षण गराएको देखिन्छ। पीडित २०७५ (एम) को मिति २०७५/११/२३ मा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन उक्त अस्पतालको च.नं.४७४ मिति २०७५/११/२६ को पत्रसाथ र प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)को मिति २०७५/११/२३ मा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन उक्त अस्पतालको च.नं.४७५ मिति २०७५/११/२६ को पत्रसाथ प्राप्त भै सुरु मिसिलमा संलग्न रहेको पाइयो। पीडित २०७५ (एम) को उमेर १७ वर्ष भनी जाहेरवालाले जाहेरीमा लेखाएकोमा निज २०७५ (एम) को सुरु अदालतसमक्ष भएको बकपत्र र सुरु अदालतबाट बुझिएको जन्मदर्ता किताब समेतको आधारमा निज २०७५ (एम) को उमेर १८ वर्षभन्दा माथि देखिएको भनी सुरु जिल्ला अदालतबाट भएको फैसलाउपर बादी नेपाल सरकारको पुनराबेदन नपरी सो विषयको अन्तिम निप्टारा भैसकेको देखिंदा त्यसतर्फ थप विवेचना गर्नुपर्ने अवस्था देखिएन।

३२. पुनरावेदक प्रतिवादी सुरु अदालत तथा मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा समेत परिवर्तित नाम २०७५ (एम) लाई जबरजस्ती करणी गरेको आरोपित कसूरमा इन्कार रहेको देखिन्छ। निजले मौकामा गरेको बयानमा बारदात भएको भनिएको मिति र समयमा आफूहरु विद्यालय जाँदै गर्दा खजुरा खोलाको किनार

एकान्त स्थलमा २०७५ (एम)सँग गफगाफ हुँदै जाँदा दुबैको सहमतिमा शारीरिक सम्पर्क राखेको हो र यसभन्दा पहिला पनि सहमतिमा नै पटक पटक करणी लेनदेन भएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ भने सुरु अदालतमा गरेको बयानमा मौकामा गरेको बयान बेहोरालाई समेत आफूले भनेबमोजिम लेखिएको होइन भनी "मिति २०७५/०८/२४ मा स्कूलबाट मनकामना मन्दिरको भ्रमणमा गएका बखत निज २०७५ (एम)ले यही मन्दिरमा विवाह गर्नुहोस् होइन भने यही मन्दिर नजिकैबाट हाम फाली मर्छु भनेकीले निजलाई आफूले सिंदूर समेत हाली विवाह गरेको, विवाह गरेको ३ दिन पछि भ्रमण कै क्रममा आफूहरुबीच शारीरिक सम्पर्क भएकोले २०७५ (एम)को Urine Test मा Pregnancy उल्लेख भएको हुनसक्छ, भ्रमणबाट फर्कदा आ-आफ्नो घरमा गएकोमा विवाह भएको कुरा गाउँघरमा हल्ला चली २०७५ (एम)को बुवालाई थाहा भएपछि निजकौ बुवाले हामी दुबै जनालाई मारिदिने धम्की दिएकोले आफ्नो घरमा लैजाउ भनी निजले आफूलाई फोनबाट बताई आफ्नो घरमा आएपछि २/३ दिनसम्म चितवन गई बसेकोमा निज जाहेरवालाले आफ्नो घरमा आई आफ्नो बाबुसँग आफ्नो छोरी घरमा लिएर आएमा विवाह गरिदिने नत्र मारिदिने भनी धम्की दिएपछि २०७५ (एम) र आफू ईलाका प्रहरी चौकी बेलाटारीमा आएपछि प्रहरीले आफूलाई पक्राउ गरेको हो" भनी घटनाको सिलसिलेबार र विस्तृत विवरण उल्लेख गरी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

३३. अर्कातर्फ पीडित भनिएकी २०७५ (एम) ले सुरु अदालतमा उपस्थित भई मौकाको घटना विवरण कागज पुष्टि हुने गरी वारदात मिति अर्थात मिति २०७५/११/१० मा ५.००बजे विहान कलेज जाँदा प्रतिवादीसँग भेट भएको र निजले आफूलाई कलेजमा छाड्दिने भनेकाले निजको बाइकमा बसी गएकोमा कलेज नलगी खैरहनी पुल नजिक लगेर बाइकबाट झारी जबरजस्ती करणी गरेको भनी किटानीसाथ बकपत्र गरेको देखिन्छ भने निजका पिता जाहेरवाला २०७५ (एल) ले पनि अदालतमा उपस्थित भई जाहेरी बेहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन आउँछ।

३४. यस प्रकार एकातर्फ प्रतिवादीले आरोपित कसूरमा इन्कारी भै बयान गरेको र अर्कातर्फ पीडित भनिएकी व्यक्ति स्वयम् अदालतसमक्ष उपस्थित भै यिनै प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी यकिनसाथ बकपत्र गरेको देखिएको स्थितिमा

मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट प्रतिवादी वा पीडित/जाहेरवाला कसको कथन समर्थित हुन आउँछ भनी प्रमाणको विश्लेषण गर्नुपर्ने देखिन आयो।

३५. सो सम्बन्धमा हेर्दा, मिसिल संलग्न परिवर्तित नाम २०७५ (एम)को पृथ्वीचन्द्र अस्पताल, रामग्राम, नवलपरासीबाट मिति २०७५/११/२३ मा भएको स्वास्थ्य जाँच प्रतिवेदनमा हेर्दा निजको कन्या झिल्ली च्यातिएको (No laceration but not intact) तथा पिसाब जाँचबाट गर्भवती देखिएको (Urine for pregnancy test: positive) भन्ने विवरण उल्लेख भएको देखिएको एवम् प्रतिवादी स्वयम्ले सुरु अदालतमा गरेको बयानमा आफूले २०७५ (एम)लाई सहमतिमा करणी गरेको भनी करणी गरेको तथ्यलाई स्वीकार गरेको देखिँदा करणी भए नभएतर्फ थप विवेचना गरिरहनु परेन।

३६. अब, पुनरावेदक प्रतिवादी अभिमन्यु अहिर (यादव)ले २०७५ (एम)लाई निजको मञ्जुरीमा नै करणी गरेको वा जबरजस्ती करणी गरेको के रहेछ भन्ने सम्बन्धमा हेर्दा, निज प्रतिवादीले सुरु अदालतमा बयान गर्दा आफूहरु मिति २०७५/०८/२४ मा विद्यालयबाट मनकामना मन्दिरमा भ्रमणमा गएको बखत २०७५ (एम)ले मलाई यही मन्दिरमा विवाह गर्नुहोस् होइन भने म यहींबाट हाम फाली मर्छु भनेकीले उसलाई सिंदूर हाली विवाह गरेको हो भनी बेहोरा लेखाई २०७५ (एम)लाई सिंदूर हाल्दै र पोते लगाइदिँदै गरेको लगायतका निजसँग खिचेका फोटाहरु प्रमाणको रुपमा पेस गरेको देखिन्छ। उक्त फोटोहरु देखाउँदा २०७५ (एम)ले सिंदूर हालेको दुई थान फोटोहरु आफ्नो होइन अन्य फोटोहरु गाउँको विहेमा र कलेजबाट गोरखा भ्रमण जाँदा खिचेको भनी सिंदूर हाल्दा र हालिसकेपछि खिचेको फोटोलाई इन्कार गरेको देखिएतापनि प्रतिवादीले पेस गरेका अन्य फोटोहरु आफ्नो हो भनी स्वीकार गरेकोमा नाङ्गो आँखाले समेत एकै व्यक्ति रहेको सजिलै चिन्न सकिने स्थितिको उक्त सिंदूर लगाउँदाको र सिंदूर लगाईसकेपछिको फोटोहरु आफ्नो होइन भनी निजले लिएको जिकिर विश्वसनीय देखिएन। उक्त फोटोमा आफूसँगै रहेको पुरुष व्यक्ति प्रतिवादी नभए अरु को हो भनी निजले खुलाउन सकेको पनि देखिँदैन। यसैगरी जाहेरवाला निजका पिता २०७५ (एल)ले समेत उक्त फोटो सनाखत गर्दा तीनवटा फोटोहरु आफ्नो छोरीको समेत रहेको तथा दुईवटा फोटोमा रहेको केटालाई आफूले नचिनेको र सिंदूर हालेको फोटोमा आफूलाई शङ्का रहेको भनी अदालत समक्ष बकपत्र गरेको

देखिन्छ। निजहरुले उक्त सिंदूर हालिदिने व्यक्ति प्रतिवादी बाहेक अरु कोही हुन् भनी भन्न सकेको वा सिंदूर लगाउँदै गरेका व्यक्ति २०७५ (एम) र प्रतिवादी होइनन् भनी यकिनसाथ भन्न सकेको स्थिति छैन। उक्त फोटोमा रहेका व्यक्तिहरु यी प्रतिवादी र २०७५ (एम) बाहेकका अन्य कोही व्यक्तिहरु भएको भए निजहरुको फोटा यी प्रतिवादीले पेस गर्न सक्ने अवस्था समेत स्वभाविक रुपमा हुने थिएन। प्रतिवादीले आफूले २०७५ (एम)लाई सिंदूर हाली बिहे गरेको भन्ने जिकिर लिई सो तथ्य पुष्टि हुने गरी प्रमाणका रुपमा सिंदूर हाल्दै गरेको फोटो समेत पेस गरेको र पीडित भनिएकी व्यक्ति तथा जाहेरवालाले त्यस्तो फोटोलाई निश्चयकासाथ अन्यथा भन्न नसकेको अवस्थामा त्यसरी पेस भएका फोटोहरुलाई महत्वपूर्ण प्रमाणको रुपमा लिनुपर्ने देखियो।

३७. यसैगरी, परिवर्तित नाम २०७५ (एम)ले मौकामा शारीरिक जाँच प्रतिवेदनका क्रममा चिकित्सक समक्ष बताएको घटना विवरण समेत प्रस्तुत मुद्दामा महत्वपूर्ण प्रमाणको रुपमा लिनुपर्ने देखिन आएको छ। यद्यपी निज २०७५ (एम)ले चिकित्सक समक्ष बताएको घटना विवरण र निजले अदालत समक्ष गरेको बकपत्रमा उल्लेखित घटना विवरणमा कतिपय भिन्नता देखिएको र यस्तो स्थितिमा सामान्यतया निजले अदालतमा आई गरेको बकपत्रको प्रमाणिक महत्व रहन्छ। तर प्रस्तुत मुद्दामा निजले अदालतमा आई गरेको बकपत्रमा प्रतिवादीले आफूलाई मिति २०७५/११/१० को विहान जबरजस्ती करणी गरेको भनी लेखाएकोमा चिकित्सक समक्ष घटना विवरण बताउँदा मिति २०७५/११/१० को साँझ प्रतिवादीले आफूलाई रिक्सामा राखी खैरहनी, देवदह हुँदै भोलिपल्ट विहान बुटवल लगी होटलमा राखी करणी गरेको, अर्को दिन बुटवलबाट चितवन लगी १० दिनसम्म साथीको कोठामा बसी घर फर्केको र निजको अन्तिम महिनावारी २०७५/१०/२१ मा भएको भनी लेखाएको बेहोरा निजको स्वास्थ्य परीक्षण प्रतिवेदनको Brief history of incident मा उल्लेख भएको "Alleged history of sexual offence: on 2075/11/10, According to her, Abhimanyu Yadav forcefully took her from her house on 2075/11/10 of evening time. On that day he kept her rikshaw overnight at Khaireni, Devdaha and on next morning he took her at Hotel of Butwal, where he had forceful sexual contact with her. On next day he took her to Chitwan and kept her on friend's flat (room) for 10 days. He did not have sexual contact

with her during that stay at Chitwan. During this period he kept her mobile and did not allowed her to voice call. On 10th day he took her back to house. Her last menstrual period has on 2075/10/21. No any external injuries present." बेहोराबाट देखिन आएको र सो बेहोरा प्रतिवादीले चिकित्सक समक्ष लेखाएको घटना विवरणको Detail history of incident शीर्षक अन्तर्गत उल्लिखित "According to him, he and the girl (2075 M) is in the love relation (affairs) for about 1 yrs. Then had sexual contact one time previously (exact time and date would not recalled by him). On 2075/11/10 they made a plan to move away from their house on mutual consent for marriage. On that day they stayed at friend's house and on next morning they reached Butwal and stayed at Hotel, where sexual contact takes place again. After one day they moved to Chitwan and stayed for 10 days at friend's flat (room), where sexual contact happened regularly and didn't happened for last three days before returning to home. According to him during the stay at chitwan they got married at temple भन्ने बेहोरासँग सारभूत रुपमा मिल्न गएको देखियो। मौकाको घटना विवरण कागज तथा अदालतमा बकपत्र गर्दा समेत वारदात भएको भनिएको मिति र समयमा प्रतिवादीले जबरजस्ती करणी गरेको भनी बेहोरा लेखाएकी निज २०७५ (एम)ले निजलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भए चिकित्सक समक्ष स्वतन्त्र रुपमा घटना विवरण बताउँदा तदनुरुपको बिवरण उल्लेख नगरी आफूलाई यी प्रतिवादीले भगाई लगेको भनी बेहोरा लेखाउनुपर्ने कुनै कारण देखिन आउँदैन। अपितु निजले बताएको उक्त घटना विवरण प्रतिवादीले सुरु अदालतमा गरेको बयानमा लिएको जिकिरसँग तादात्म्य देखिन आउँछ।

३८. यस प्रकार पीडित भनिएकी व्यक्ति स्वयम्ले चिकित्सक समक्ष घटना विवरण लेखाउँदा निजले मौकामा लेखाएको घटना विवरण कागज वा अदालतमा गरेको बकपत्र अनुरुपको बेहोरा नलेखाई आफू प्रतिवादीसँग भागी गएको र सोही अवधिमा निजसङ्ग शारीरिक सम्पर्क राखेको उल्लेख भएको देखियो। जबरजस्ती करणी मुद्दामा पीडितलाई स्वयम्मा महत्वपूर्ण साक्षीको रुपमा लिनुपर्ने हुन्छ। तथापि निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीले जबरजस्ती करणी गरेको भनी आरोपित कसूर पुष्टि हुन मदत पुग्ने गरी बकपत्र गरेकोमा चिकित्सक समक्ष लेखाएको घटना विवरणको बेहोराबाट निजको बकपत्र खण्डित भएको देखिन आएको छ। साक्षीले

अदालत बाहिर व्यक्त गरेका कुरा प्रमाणमा लिन नहुने हो कि भन्नलाई अदालत बाहिर व्यक्त भएका कथनबाट कसैउपर फौजदारी अभियोग लाग्ने भएमा त्यस्तो कथनलाई प्रमाणमा ग्रहण गर्दा अन्य प्रमाणबाट समर्थित हुने नहुनेतर्फ विचार गर्नुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा निज पीडित भनिएकी २०७५(एम)ले चिकित्सक समक्ष व्यक्त गरेका कथनले प्रतिवादीउपर आरोप लाग्ने नभई परोक्ष रुपमा सहमतिमा नै करणी भएको स्वीकार गरी आरोपित कसूरबाट सफाई पाउने गरी आफ्नो भनाई व्यक्त गरेको देखिंदा पीडित भनिएकी व्यक्तिले स्वेच्छाले व्यक्त गरेको त्यस्तो अभिव्यक्तिलाई प्रमाण ऐन, २०३१ को दफा ८ र ९ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखियो। पीडित भनिएकी व्यक्ति २०७५ (एम)को उल्लिखित कथन समेतका आधारमा निज़हरुबीच सहमतिमा नै करणी भएको देखिन आयो।

३९. मुलुकी अपराध संहिता, २०७४ को दफा २१९को उपदफा (२) अनुसार कसैले अठार वर्ष उमेर पुगेकी महिलालाई निजको मञ्जुरीले करणी गरेको र त्यस्तो मञ्जुरी डर, धाक, धम्की दिई वा प्रलोभनमा पारी लिएको अवस्था छैन भने त्यसरी भएको करणीलाई जवरजस्ती करणी भनी मान्न मिल्ने देखिँदैन। मिसिलबाट २०७५ (एम)को उमेर १८ वर्ष पुगेको देखिएको तथा निजले प्रतिवादीको डर, धाक, धम्की वा प्रलोभनमा परी करणीको लागि मञ्जुरी दिएको भन्ने नदेखिँदा निजको स्वतन्त्र सहमतिमा नै प्रतिवादीले करणी गरेको तथ्य पुष्टि हुन आएकोले प्रस्तुत मुद्दामा जवरजस्ती करणीको वारदातको अस्तित्व नै देखिन आएन।

४०. यसैगरी, २०७५(एम)को स्वास्थ्य जाँच प्रतिवेदनबाट निज गर्भवती रहेको देखिएको छ। निजमा के कति अवधिको गर्भ रहेको हो भन्ने उक्त प्रतिवेदनबाट खुल्न आउँदैन। प्रतिवादीले सुरु अदालतमा बयान गर्दा आफूहरु मनकामना मन्दिर भ्रमण गर्न गएकै अवस्थामा २०७५(एम)सँग शारीरिक सम्पर्क भएको भनी बताएको र पीडित भनिएकी २०७५(एम)ले समेत चिकित्सक समक्ष आफूहरु २०७५/११/१० मा घरबाट भागी बाहिर गई सँगै बसी ऐ. २१ गते घरमा फर्की आएको भनी बताएको सन्दर्भमा निजको के कति अवधिको गर्भ थियो भन्नेतर्फ अनुसन्धान भएको देखिँदैन। अपराध अनुसन्धानमा मिसिलमा सान्दर्भिक देखिएका सबै सम्बद्ध प्रमाण सङ्कलन गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हुन्छ। यस्तो कानूनबमोजिमको कर्तव्य

निर्वाह गर्दा अनुसन्धान अधिकारीले शङ्कित व्यक्तिप्रति पूर्वाग्रह राखी निज विरुद्धको कसूर स्थापित हुन सघाउ पुर्‍याउन सक्ने प्रमाण मात्र सङ्कलन गर्नु र अन्य सम्बद्ध प्रमाण सङ्कलन नगर्नु अपराध अनुसन्धानको निष्पक्षता र तटस्थताको सिद्धान्त विपरित हुन जान्छ। निजले कसूरसँग सम्बद्ध सबै प्रमाण सङ्कलन गरी प्रमाणको सबल र निर्बल पक्षको विश्लेषण गरी प्रमाणबाट कसूर स्थापित हुने देखिएमा मात्र अभियोजनका लागि प्रतिवेदन पेस गर्नु पर्नेमा प्रस्तुत मुद्दामा गर्भको अवधि खुलाउन लगाउने र विद्यालयमा रहेको भनिएको सि. सि. टि. भि.को दृष्य अभिलेख (Footage) सङ्कलन गर्ने जस्तो अति सामान्य तर प्रमाणका दृष्टिले महत्वपूर्ण विषयमा समेत प्रमाण सङ्कलनमा उदासिन भै केवल जाहेरवाला र पीडित भनिएको व्यक्तिका कथनका आधारमा मात्र कसूर पुष्टि गर्न प्रयास गरेको देखियो। अतः स्वतन्त्र प्रमाणको अभावमा ,केवल जाहेरी दरखास्त र पीडित भनिएकी व्यक्तिको कथनका आधारमा मात्र प्रतिवादीउपरको कसूर प्रमाणित हुन सक्ने देखिएन।

४१. जहाँसम्म पीडित भनिएकी २०७५(एम) स्वयम् अदालतमा उपस्थित भै जाहेरी दरखास्त र मौकाको घटना विवरण कागज बेहोरा समर्थित हुने गरी बकपत्र गरेको अवस्थामा प्रतिवादीलाई सफाई दिन नमिल्ने भनी प्रत्यर्थी बादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले लिएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा, सामान्यतः जबरजस्ती करणी जस्तो यौनजन्य कसूरमा महिलाको शरीरलाई नै वारदातस्थलको रुपमा र पीडित महिलालाई चश्मदिद् गवाहको रुपमा लिइने भएकाले निजको भनाईलाई प्रथमस्तरको वा प्रत्यक्ष प्रमाणका रुपमा लिने गरिन्छ। खासगरी जबरजस्ती करणीको कसूर पीडित महिलाको यौनिक गोपनीयता र यौनिक मर्यादा विरुद्धको कसूर मात्र नभई निजको सम्मानपूर्वक बाँच्न पाउने हकका विरुद्धको कसूर समेत भएको र यस्ता कसूरमा पीडित महिलाले उल्टो सामाजिक लाञ्छना सहनुपर्ने असहज परिस्थितिको समेत पर्वाह नगरी कसूरदारलाई न्यायको कठघरामा उभ्याउनका लागि पीडितले अदालतमा आई बकपत्र गरेको हुँदा त्यस्तो बकपत्रलाई महत्वपूर्ण प्रमाणको रुपमा लिने गरिएको हो। तर यसको अर्थ निरपेक्ष रुपमा पीडित वा जाहेरवालाको बकपत्रबाट मात्र कसूर स्थापित भैहाल्ने भन्ने कदापि होइन। पीडितको बकपत्र निजको स्वास्थ्य जाँच प्रतिवेदन तथा मिसिलबाट देखिएका अन्य प्रमाणबाट

समर्थित हुनु अपरिहार्य हुन्छ। वस्तुतः कुनै पनि वारदात प्रमाणबाट स्थापित हुने हो। अन्य प्रमाणको अभावमा केवल व्यक्तिको कथनबाट मात्र वारदात स्थापित हुन सक्दैन। पीडितले अदालतमा आई बकपत्र गरेमा अन्य प्रमाण हेर्नै नपर्ने भन्नु न्यायको रोहमा उचित हुँदैन। अन्य प्रमाणबाट समर्थित नभएको केवल पीडित भनिएकी महिलाको भनाईलाई मात्र निर्णायक प्रमाण मानी कसूर ठहर गरेमा प्रतिवादीको फौजदारी न्यायको हक सङ्कुचित हुनसक्ने खतरातर्फ न्यायकर्ताले विचार पुर्‍याउनुपर्ने हुन्छ। फौजदारी विधिशास्त्रले मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पीडितको भनाई समर्थित भए नभएको निश्चय गरी सबुद प्रमाणका आधारमा पीडितको उपचार पाउने हक र प्रतिवादीको फौजदारी न्यायको हकको प्रतिस्पर्धात्मक स्वार्थकाबीच सन्तुलन ल्याउने ध्येय राखेको हुन्छ। मानवीय मर्यादा र सामाजिक प्रतिष्ठा सबैका लागि समान रुपमा महत्वपूर्ण हुन्छ। जबरजस्ती करणी जस्ता यौनजन्य अपराध पीडित महिलाको सम्मान र मानवीय मर्यादा विरुद्धको कसूर भएको र सो कसूरले निजलाई गहिरो पीडा र अपमान त दिन्छ नै झुठ्ठा आरोपले अभियुक्तको सम्मान र मर्यादामा पनि त्यत्तिकै आँच पुर्‍याउन सक्नेतर्फ अदालत सजग रहनुपर्ने हुन्छ। केवल पीडित भनिएकी व्यक्ति वा जाहेरवालाको भनाईलाई मात्र आधार मानी निजको भनाई अन्य प्रमाणबाट समर्थित भए नभएकोतर्फ उचित ध्यान पुर्‍याउन नसकिएमा जबरजस्ती करणी लगायतका सामान्यतया प्रत्यक्षदर्शी साक्षीको अभाव रहने प्रकृतिका मुद्दामा कुनै पनि व्यक्तिलाई आरोप लगाइदिए पुग्ने र अभियुक्तले न्याय पाउनै नसक्ने कहालिलाग्दो अवस्था आउनसक्नेतर्फ न्यायकर्ताले सतर्कतापूर्वक विचार गर्नुपर्ने देखिन्छ।

४२. जाहेरवाला वा पीडित भनिएको व्यक्तिको कथनलाई मात्र प्रतिवादीउपरको आरोपित कसूर पुष्टि हुने आधारका रुपमा हेर्न नमिल्ने सम्बन्धमा यस अदालतबाट यसपूर्व विभिन्न मुद्दामा आफ्नो स्पष्ट दृष्टिकोण राखेको पनि पाइन्छ। उदाहरणका रुपमा पुनरावेदक/वादी परिवर्तित नाम बिसको जाहेरीले नेपाल सरकार विरुद्ध प्रत्यर्थी/प्रतिवादी सुवास भर समेत भएको जबरजस्ती करणी मुद्दामा "जबरजस्ती करणीको कसूरमा प्रमाणको मूल्याङ्कन गर्दा पीडितको बकपत्रलाई प्रमाणको पहिलो र प्रमुख कडी मान्नु पर्छ। तर जाहेरी दरखास्त र पीडितको भनाईलाई पीडितको शारीरिक स्वास्थ्य जाँच प्रतिवेदन तथा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्नुपर्ने हुन्छ।

यस्तो प्रकृतिको अपराधमा न्यायको रोहमा विचार गर्दा न्याय मर्न जाने सम्भावनालाई समेत मध्येनजर गरी अत्यन्त विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने। पीडितको बकपत्रलाई शंकारहित रुपमा शारीरिक स्वास्थ्य परीक्षण, घटना प्रकृति मुचुल्का लगायतका स्वतन्त्र प्रमाणबाट कसूर पुष्टि हुन नसकेको देखिँदा पीडितको जाहेरी दरखास्त, मौकाको कागज र बकपत्रलाई मात्र एकतर्फी यान्त्रिक तवरले प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्न नहुने"[1] भनी र पुनरावेदक/प्रतिवादी सुरेन्द्र वि.क. विरुद्ध प्रत्यर्थी/वादी परिवर्तित नाम सुर्खेत १९ को जाहेरीले नेपाल सरकार भएको जबरजस्ती करणी र चोरी मुद्दामा "अभियुक्तहरुको अनुसन्धानका क्रममा भएको साविती बयान, पीडक र पिडितको शारीरिक परीक्षणबाट देखिएको घटनासँग तादात्म्यता देखाउने आधारहरु साक्षी सर्जमिनका भनाइबाट घटनाको विश्वसनीयता पुष्टि हुने आधार र पीडितले आफूले बच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसूर प्रमाणित हुने हुन्छ। यी सबै कुराको आभावमा पीडितले वा निजको नजिकको नातेदारको जाहेरी परेको भन्ने आधारमा मात्र कसैलाई कसूरदार ठहर गर्न मिल्ने नहुने। अभियुक्तहरुले अदालतसमक्ष आफू दोषी रहेको भन्ने तथ्य स्वीकार नगरेको अवस्थामा वादीले स्वतन्त्र, विश्वसनीय र भरपर्दो प्रमाणबाट दावी प्रमाणित गर्नुपर्दछ। जबरजस्तीकरणी लुकीछिपी गर्ने भएकोले त्यस्तो कसूरको चशमदिद् गवाह अर्थात प्रत्यक्ष प्रमाण साधारणतया प्राप्त हुन सक्दैन। करणी सम्बन्धी अपराधमा पीडित नै प्रमुख प्रमाण हो। आफूलाई जबरजस्ती करणी भएको भनी उल्लेख गर्ने पीडितको शारीरिक अथवा निजको स्वास्थ्य परीक्षणबाट जबरजस्ती करणी भएको तथ्य स्थापित हुनुपर्ने"[2] भनी प्रतिपादित सिद्दान्तहरु सन्दर्भका रुपमा उल्लेख गर्नु आवश्यक देखियो।

४३. साथै भारतीय सर्वोच्च अदालतले Rajoo & Ors vs State Of M.P को मुद्दामा पीडित महिलाको कथनका सम्बन्धमा व्यक्त "सामान्यतया अभियोजन पक्षले पेस गरेका प्रमाणलाई शंकास्पद नमानी त्यसलाई विश्वास गर्नुपर्ने हुन्छ। अदालतले जबरजस्ती करणीका सबै मुद्दाहरुलाई एउटै कसीमा राखी विवेचना गर्न मिल्दैन। एकातिर

[1] ने. का. प. २०७७ अङ्क ३ नि.नं. १०४६४

[2] ने. का. प. २०७५ अङ्क १२ नि.नं.१०१५२

जबरजस्ती करणीको अपराधले पीडितलाई अत्यन्त गहिरो पीडा र अपमान दिन्छ भने अर्कोतिर यस्तो अपराधको झुट्टा आरोपले अभियुक्तलाई पनि उत्तिकै अपमान र नोक्सान पुर्‍याउन सक्ने हुँदा त्यस्ता झुट्टा आरोपको सम्भावनाबाट अभियुक्तलाई जोगाउन अदालत हरपल सजग हुन आवश्यक देखिन्छ" भन्ने धारणा यस प्रसङ्गमा उल्लेख गर्नु सान्दर्भिक देखियो।[३]

४४. उल्लेखित सैद्धान्तिक तथा विधिशास्त्रीय मान्यताको आलोकमा प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा प्रतिवादी अभिमन्यु अहिर (यादव)ले मौकाको बयानदेखि निरन्तर रुपमा एकै बेहोराले २०७५ (एम)लाई निजको मञ्जुरीमा नै करणी गरेको भनी जिकिर लिएको, निज पीडित भनिएकी २०७५ (एम) सँग प्रेम सम्बन्धमा रही कलेजबाट मनकामना मन्दिरको भ्रमणमा जाँदा विवाह गरेको भनी लिएको जिकिर निजले पेस गरेको सिंदूर हालेको फोटोबाट पुष्टि हुन आएको देखिएको, उक्त फोटोलाई २०७५ (एम) तथा जाहेरवाला २०७५ (एल)ले अन्यथा भन्न नसकेको, २०७५ (एम)ले चिकित्सकसँग घटना विवरण बताउँदा मौकाको कागज र अदालतको बकपत्र भन्दा भिन्न र सारभूत रुपमा प्रतिवादीको बयानसँग मिल्ने गरी निजसँग भागी गएको बेहोरा लेखाएकी, प्रतिवादीले बारदातको दिन आफू विद्यालयमै रहेको सि.सि.टि.भि.बाट देखिने भनी जिकिर लिएकोमा अनुसन्धानकर्ताले सि.सि.टि.भि.को दृष्य सङ्कलन नगरेको लगायतका आधार प्रमाणबाट प्रतिवादी अभिमन्यु अहिर (यादव) र २०७५ (एम) प्रेम सम्बन्धमा रही घरबाट भागी १० (दश) दिन जति बुटवल र चितबनमा बसी घर फर्केपछि जाहेरवालाले पुनरावेदक प्रतिवादीको आर्थिक, सामाजिक हैसियत कमी भएको भन्ने आधारमा कृत्रिम बारदात देखाई जाहेरी दरखास्त दिएको र निज २०७५ (एम)ले समेत बाबुको दबाबमा परी प्रतिवादीउपर कसूर लाग्ने गरी बकपत्र गरेको

[3] 3 December, 2008/Criminal Appeal Nos. 1094-1098 of 2000, Supreme Court of India; "The aforesaid judgements lay down the basic principle that ordinarily the evidence of a prosecutrix should not be suspect and should be believed, the more so as her statement has to be evaluated at par with that of an injured witness and if the evidence is reliable, no corroboration is necessary. Undoubtedly, the aforesaid observations must carry the greatest weight and we respectfully agree with them, but at the same time they cannot be universally and mechanically applied to the facts of every case of sexual assault which comes before the court. It cannot be lost sight of that rape causes the greatest distress and humiliation to the victim but at the same time a false allegation of rape can cause equal distress, humiliation and damage to the accused as well. The accused must also be protected against the possibility of false implication".

पुष्टि हुन आएकाले जाहेरी दरखास्त तथा जाहेरवाला र पीडित भनिएकी २०७५(एम) को बकपत्रबाट मात्र प्रतिवादीउपरको अभियोग दावी पुष्टि हुन सक्ने नदेखिंदा प्रतिवादीलाई अभियोग दावीबमोजिम कसूरदार ठहर गरी सजाय गरेको सुरु जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको नदेखिंदा उल्टी हुनुपर्ने देखिन आयो।

४५. तसर्थ, माथि विवेचित आधार, प्रमाण, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतबाट प्रतिवादी अभिमन्यु अहिर (यादव)लाई अभियोग दावीको कसूरमा ८ (आठ) वर्ष कैद हुने र पीडितले निजबाट रु.२५,०००।- (पच्चीसहजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर गरेको सुरु नवलपरासी जिल्ला अदालतको मिति २०७६/०८/०२को फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७७/०३/१५को फैसला मिलेको नदेखिंदा उल्टी भै प्रतिवादीले अभियोग दावीको कसूरबाट सफाई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल-खण्ड</u>

१. माथि ठहर-खण्डमा लेखिएबमोजिम उच्च अदालत, बुटवल इजलासको फैसला उल्टी भै प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव)ले अभियोग दावीको कसूरबाट सफाई पाउने ठहरेकोले सुरु नवलपरासी जिल्ला अदालत, परासीले प्रतिवादीको नाममा कसेको कैद र क्षतिपूर्तिको लगत कट्टा गर्नु भनी सुरु जिल्ला अदालतमा लेखी पठाउनु।

२. प्रतिवादी बब्न भन्ने अभिमन्यु अहिर (यादव) नवलपरासी जिल्ला अदालतको कैदी पूर्जीले कारागार कार्यालय परासी, नवलपरासीमा कैदमा रहेको देखिंदा निजलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट तत्काल थुनामुक्त गर्नु भनी आजै छुट्टै आदेश भएकाले सो सम्बन्धमा केही गरिरहनु परेन।

३. यो फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु।

४. यो फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनु।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटर अपरेटरः कृष्ण गिरी

अनुसन्धान सहयोगी (इन्टर्न): श्रेया ढकाल, आकृति सुवेदी

इति संवत् २०८० साल चैत ०७ गते रोज ४ शुभम् ..........................................।